श्री

# सर्लाही जिल्ला अदालत

## मलंगवा, सर्लाही

☎ 046520150
E-mail: info.dcsarlahi@supremecourt.gov.np
admin.dcsarlahi@supremecourt.gov.np

प्रशासन शाखा

प्राप्त पत्र संख्याः-
चलानी नम्वरः-

मिति २०७८।४।१

### सर्लाही जिल्ला अदालतको सेवा प्रवाह सम्बन्धी सूचना

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण यस अदालतको विभिन्न मितिको पूर्ण बैठकबाट सेवा स्थगन भएका सेवाहरू संचालनका सन्दर्भमा जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट जिल्ला भित्रका सार्वजनिक सवारी साधनहरू संचालन लगायत सेवाहरू सुचारू गर्ने निर्णय भए बमोजिम जिल्ला बारका अध्यक्ष, जिल्ला न्यायाधिवक्ता र यस अदालतका माननीय न्यायाधीशज्यूहरू एवं कर्मचारीहरू समेतको मिति २०७८।४।१ को बैठकको निर्णयबाट यस अदालतबाट प्रदान गरिने सम्पूर्ण सेवाहरू मिति २०७८।४।५ गतेदेखि नियमित रूपमा संचालन हुने बेहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ।

१. निषेधाज्ञाको अवधिको म्याद तारेख थाम्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।१।१४ को पूर्ण बैठकको निर्णय एवं पूर्ण इजलासको मिति २०७७।२।१५ को आदेश बमोजिमको सुविधामा प्रतिकुल असर नपर्ने गरी देहाय बमोजिम हुने बेहोरा अनुरोध छ।
   - क) यस अदालतमा म्याद, तारिखमा उपस्थित हुनुपर्ने सर्लाही जिल्ला भित्रका सेवाग्राहीहरू २०७८।४।५ देखि बाटोको म्याद बाहेक ३०(तीस) दिन मिति २०७८।५।२ गते भित्र उपस्थित हुने।
   - ख) सर्लाही जिल्ला बाहेक अन्यत्र जिल्लाका सेवाग्राहीका हकमा अन्तर जिल्ला सार्वजनिक यातायातको साधन सञ्चालनमा आएको मितिले बाटाको म्याद बाहेक ३०(तीस) दिन भित्र उपस्थित हुने।
   - ग) तारिख लिन उपस्थित हुँदा भरसक जति गतेको तारिख तोकिएको थियो सोही गते अदालतमा उपस्थित भई तारिख व्यवस्थापन गर्न सहयोग गर्ने ।
   - घ) काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा निवेदनहरूमा रहेका हदम्याद, म्याद तारेख नगुज्रने।
   - ङ) माथि उल्लिखित व्यवस्थाहरूको व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्बन गर्ने सम्बन्धमा अदालत प्रशासनले आवश्यक प्रबन्ध मिलाउने।

२. यस अदालतको नियमिति पेशी मिति २०७८।४।११ बाट इजलास समक्ष पेश हुने।

३. कोभिड-१९ (कोरोना भाइरस) लाई मध्यनजर गरी कानून व्यवसायी, सेवाग्राही लगायत अदालतमा प्रवेश गर्नुहुने महानुभावहरूले स्वास्थ्य सुरक्षाको मापदण्ड अविलम्बन गर्नुहुन तथा सेवा लिँदा तोकिएको दुरी कायम गर्नुहुन अनुरोध छ।

(विश्वनाथ अर्याल)
स्रेस्तेदार उपसचिव
उप-सचिव